जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २०८ २०८२ साल चैत ९ गते सोमबार (23 Mar 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विश्व पानी दिवस २०२६ : ... ३ पृष्ठमा : निर्वाचनमा बालअधिकार ... ३ पृष्ठमा : होर्मुज तनाव चर्किंदै, ...

# दुई महिनादेखी वेपत्ता छोरीको सामाजिक संजालमा भिडियो सार्वजनिक भएपछी परिवारजनमा खैलाबैला





**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत।**

दुई महिना देखी वेपत्ता सप्तरीकी एक नाबालिकाको एकाएक सामाजिक संजालमार्फत आइतबार भिडियो सार्वजनिक भएपछी परिवारजनमा खैलाबैला मचिएको छ।

परिवारजन, आफन्त तथा प्रहरीले उनको खोजतलास गरिरहेकै वेला यसरी सामाजिक संजालमा देखिएको भिडियोले घट्नामा नयाँ मोड आएको छ।

सार्वजनिक भएको भिडियोमा रुदै गरेकी ती नाबालिकालाई केही महिला र पुरुषले हात समाएको र एक जना युवाले सिउँदोमा जबरजस्ती सिन्दुर हालेको दृश्य देखिएको छ।

टिकटकमा देखिएको स्थान ग्रामिण क्षेत्रको भएपनि स्थान पहिचान हुन भने बाकि रहेको प्रहरीको भनाई छ। नाबालिकालाई जबरजस्ती सिन्दुर हाल्ने ब्यक्तीको भने पहिचान खुलेको छ। नाबालिकाका बुबाले आईतवार जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय सप्तरीमा दिएको किटानी जाहेरीमा छोरीलाई जबरजस्ती सिन्दुर हाल्ने ब्यक्ती अशोक मण्डल रहेको उल्लेख गरेका छन। उनी जिल्लाको डाक्नेश्वरी नगरपालिकाका बासिन्दा हुन।

यस अघि नाबालिकाका बुबाले २०८२ माघ ८ गते छोरी वेपत्ता भएको भन्दै प्रहरीमा निवेदन दिएका थिए। छोरीले बोक्ने गरेको मोइवाइल सोही दिनदेखी स्विच अफ भएको जानकारी गराउँदै उनले हुलिया सहित खोजतलाशका लागी प्रहरीमा निवेदन दिएका थिए।

त्यति बेला पनि उनले निवेदनमा शंकास्पद ब्यक्तीको रुपमा अशोक मण्डलकै नाम उल्लेख गरेका थिए। समाजिक सञ्चालमा पछिल्लो पटक देखिएको युवा अशोक नै रहेको गाउँलेहरुले समेत बताएका छन।

प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले घटनाको सूक्ष्म अनुसन्धानका साथै प्राप्त हुलिया विवरणको आधारमा खोजी कार्य तिब्र बनाईएको जनाएका छन। उनले सार्वजनिक भएको भिडियोको पनि अनुसन्धान भईरहेको जानकारी दिए।

# चैती छठ सुरु, आज खरना

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत।**

चैती छठ पर्व आइतबारदेखी विधिवत रुपमा सुरु भएको छ। यसलाई मिनि छठ पनि भन्ने चलन छ। मंसिर महिनामा मनाइने छठ पर्वलाई ठूलो पर्वको रुपमा लिइन्छ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन नहाय खाय, दोस्रो दिन खरना, तेस्रो दिन बेलुकी अस्ताउन लागेको र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिई पूजा गरिन्छ।

यस्तै दोस्रो दिन पञ्चमीमा दिनभरि उपवास बसिन्छ, यस दिनलाई 'खरना' भनिन्छ। गाईको गोबरले लिपपोत गरी अरवा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रती यो दिन दिनभरि उपवास बस्ने गर्छन्। खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ। यो दिन बेलुकीपख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सख्खर, दूध र चामलको खीर पकाइन्छ। सो खीर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र चढाइसकेपछि व्रतीले प्रसादको रूपमा ग्रहण गर्छन्। परिवारका अन्य सदस्यहरूले पनि यसलाई प्रसादको रूपमा ग्रहण गर्ने चलन रहेको छ।

पर्वको तेस्रो दिन षष्ठी उपवास बसेका ब्रतालुहरु साँझपख जलाशयमा गई अस्ताउँदो सूर्यको पुजा गर्ने गर्छन्। र चौथो दिन बिहान पुनः जलाशयमा गई उदाउँदो सूर्यको पुजा गरि समाप्त हुन्छ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र अरोग्यका लागि यो पर्व

बाँकी अन्तिम पृष्ठमा

IMPACT Nepal

**आवश्यकता**

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकर्ता (महिला) | राजविराज | १ | CMA/HA |

द्रष्टव्य:
१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वार्ताको लागी सम्पर्क गरीने छ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

# वर्षाका कारण इँटा व्यवसायीहरु मर्कामा



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत।**

दुई दिन भएको वर्षाका कारण सप्तरीका ईंटा व्यवसायीहरु मर्कामा परेका छन्।

घाममा सुकाउन राखिएको ईंटा शुक्रवार र शनिबार भएको वर्षाका कारण गलेपछि ईंटा व्यवसायीहरु मार्कामा परेका हुन्।

शम्भुनाथ नगरपालिका वडा नं. ४ स्थित न्यू काली माँ पंडित ईंटा उद्योगका सञ्चालक कृष्णदेव पंडितले घाममा सुकाउन राखिएको १२ लाख ईंटा पानीमा भिजेर नष्ट भएको बताए। जिल्लामा सञ्चालनमा रहेको ४५ वटा ईंटा उद्योगको हाल पनि यस्तै रहेको उनको भनाई छ।

एउटा काँचो ईंटा बनाउन प्रति ईंटा चार रुपैयाँ ३८ पैसा खर्च हुने गरेको भन्दै पंडितले जिल्लाको सबै ईंटा उद्योगहरुमा करोडौंको क्षति भएको दाबी गरे।

सरकारी नीतिका कारण बर्षेनी यहाँका ईंटा उद्योगीहरुले क्षति बेहोर्दै आएको गुनासो पोख्दै उनले मंसिर १ देखि भट्टामा आगो सल्काउन दिएर चैत १ गते बन्द गर्ने नीति नआएसम्म ईंटा उद्योगीले यस्तो पीडा भोगी राख्ने गुनासो पोखे।

**टन्सिलका लक्षणः**

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहिं बाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्.

यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षा प्रणालीमा सुधार कसरी ?

सप्तरी जिल्लाको शिक्षा प्रणाली पछिल्लो समय अनेक चुनौतीहरूबाट गुज्रिरहेको छ। सामुदायिक विद्यालयहरूको कमजोर शैक्षिक गुणस्तर, शिक्षक अभाव, भौतिक पूर्वाधारको कमी, र विद्यार्थीको घट्दो आकर्षणजस्ता समस्या यहाँ स्पष्ट देखिन्छन्। यस्तो अवस्थामा शिक्षा प्रणालीमा सुधार ल्याउनु अत्यावश्यक मात्र होइन, अनिवार्य बनेको छ। शिक्षक व्यवस्थापनमा सुधार आवश्यक छ। योग्य, दक्ष र प्रेरित शिक्षक बिना गुणस्तरीय शिक्षा सम्भव छैन।

शिक्षकहरूको नियमित तालिम, क्षमता विकास तथा उत्तरदायित्व सुनिश्चित गर्न स्थानीय तहले कडाइका साथ अनुगमन गर्नुपर्छ। विद्यालयमा शिक्षकको उपस्थिति र पढाउने शैली दुवैमा सुधार ल्याउनुपर्ने देखिन्छ। विद्यालयको भौतिक पूर्वाधारमा ध्यान दिनुपर्छ। धेरै विद्यालयहरूमा कक्षाकोठा अभाव, शौचालयको कमी, खानेपानी र सूचना प्रविधिको पहुँच नहुनु जस्ता समस्या छन्। प्रविधिमैत्री शिक्षा प्रणालीको विकास आवश्यक छ। डिजिटल माध्यमबाट पढाइलाई आकर्षक र प्रभावकारी बनाउन सकिन्छ। आजको युगमा कम्प्युटर, इन्टरनेट र स्मार्ट कक्षाको प्रयोगले विद्यार्थीको सिकाइ स्तरमा ठूलो सुधार ल्याउन सक्छ।

यता अभिभावक र समुदायको सक्रिय सहभागिता आवश्यक छ। विद्यालय र अभिभावकबीच समन्वय हुन सकेमा विद्यार्थीको प्रगति र अनुशासनमा सकारात्मक प्रभाव पर्छ। शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ। तसर्थ स्थानीय सरकार, विद्यालय प्रशासन र सम्बन्धित निकायबीच सहकार्य र पारदर्शिता आवश्यक छ। शिक्षा सुधार बिना समृद्ध समाजको परिकल्पना सम्भव रहेकोले आजैदेखि ठोस कदम चाल्नु समयको माग हो।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# विश्व पानी दिवस २०२६ : ‘जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ’

**डा गङ्गादत्त नेपाल**
काठमाडौं, ८ चैत (रासस)।

विश्व पानी दिवस संयुक्त राष्ट्रसङ्घले १९९० को दशकबाट मनाउन सुरु गरिएको हो। यस वर्ष सन् २०२६ को नारा ‘जहाँ पानी बग्छ: त्यहाँ समानता बढ्छ’ भन्नेछ। संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा रहेको यो विषयवस्तुले ‘जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ’, जसको कारण महिला र बालिकाहरूले दुःख भोग्छन् भन्ने तथ्यलाई प्रष्टयाएको छ। विश्वको करिब ७३%-७५% (सन् २०२२) जनसङ्ख्यामा (झण्डै ६ अर्ब मानिस)ले ‘सुरक्षित रूपमा व्यवस्थित’ खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो। यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ।

दिगो विकास लक्ष्य- सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन। उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ। सन् २०१५ देखि २०२४ बीच सुरक्षित रूपमा व्यवस्थित खानेपानीको पहुँच ६८% बाट बढेर ७४% पुगेको छ।

सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ। वार्षिक रूपमा सयौं अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीय रूपमा बढाउन आवश्यक छ। जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत पर्छ- खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट। जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ। तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्द्रता लिन्छ। परिणामस्वरुप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन्। सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन्। जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०-३०% सम्म घट्ने अनुमान गरिएको छ। सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरू अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन्। झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन्। समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरू जोखिममा परिरहेका छन्। तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन्।

**हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरू:** जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ। यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरू हराउन सक्छन्। पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७०% भन्दा बढी प्राकृतिक विपद् ओगटेका छन्। खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ।

नेपालमा ९०% भन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९% मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन्। उच्च ई-कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ।

**खानेपानी र लैङ्गिक समानता :** विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षित रूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन्। विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन। ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ। जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ। नेपालमा करिब १० प्रतिशत जनसङ्ख्या खानेपानीबाट वन्चित छन् भने करिब २० प्रतिशत जनसङ्ख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ। विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी सङ्कलनमा खर्च गर्छन्। घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमाः विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ। जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन्। जब बालिकाहरू विद्यालयमा रहन्छन्, समानता बढ्छ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैङ्गिक समानता आपसमा गहिरो रूपमा जोडिएका विषय हुन्। विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्त्वपूर्ण भए पनि चुनौतीहरू अझै छन्। पानी सङ्कलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यतः महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुर्‍याउँछ। सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तैः पानीजन्य रोग) बढाउँछ। महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको विद्यालय उपस्थितिमा असर गर्छ। स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ। नेपालको संविधान र स्थानीय तहका नीतिहरूले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन्। तर व्यवहारमा नेतृत्व तहमा अझै पुरुषको वर्चस्व देखिन्छ। नीतिगत प्रयासहरूः नेपालले पानी र सरसफाइ क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छः ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ। खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन युमनलगायतले लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन्।

**खानेपानी र स्वास्थ्य समानता :** असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौं हजारको मृत्यु हुन्छ। पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमान रूपमा प्रभावित गर्छन्। अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ। नेपालमा करिब ९०% भन्दा बढी जनसङ्ख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन। करिब ७५-८०% घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण-सहरी असमानता अझै छ। पानीजन्य रोग (जस्तै झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो। ग्रामीण क्षेत्रमा महिलाले दैनिक १-३ घण्टा पानी सङ्कलनमा खर्च गर्न सक्छन्। विद्यालयमा सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ। जस्तै, असमानताः दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैङ्गिक पक्षः पानी सङ्कलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो।

**खानेपानी र आर्थिक अवसर :** विश्वव्यापी रूपमा कुल सुरक्षित पानीको करिब ७०% कृषि क्षेत्रमा प्रयोग हुन्छ। पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कुल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ। पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ। नेपालको करिब ६५% जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सिधै बढाउँछ। कुल खेतीयोग्य जमिनमध्ये करिब ५०% जति जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। सुरक्षित खानेपानी पहुँच करिब ९०% भन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन। पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक १-३ घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन्। यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्योउस। सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ। जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ। नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन्। पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ। तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ।

**पानी, जलवायु र जोखिम :** जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत देखिन्छः बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरू तीव्र रूपमा घटिरहेका छन्। सबैभन्दा गरिब समुदायहरू पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन्। नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धिः करिब ०.०५-०.०६ डिग्री सेन्टिग्रेड प्रति वर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८०% वार्षिक वर्षा मनसुन (जुन-सेप्टेम्बर) मा केन्द्रित- बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्; तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम)मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी/पहिरोबाट सयौंको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ। मुख्य जोखिमहरूः बाढी- तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो (Landslide)- पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम- हिमनदी पग्लँदै जाँदा जोखिम बढ्दो, खडेरी- वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने। प्रभावः कृषि उत्पादनमा अस्थिरता- खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन। दिगो विकास लक्ष्यहरू पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ। यस परिप्रेक्ष्यमा समुदाय-आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ। आजको विशेष दिनमा सबैमा ‘विश्व पानी दिवस, २०२६’ को हार्दिक शुभकामना! *(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तन विज्ञ तथा पूर्वउपाध्यक्ष, नीति तथा योजना आयोग, बागमती प्रदेश)*

# निर्वाचनमा बालअधिकार उल्लङ्घन : अध्ययनले देखायो ३५० घटना

काठमाडौँ, ८ चैत (रासस)।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लङ्घनका घटना दर्ता भएको देखाएको छ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ। निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए। पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो। कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पु-याएको अध्ययनले देखाएको छ। अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन गरेका छन्।

अभिभावकले बालबालिका मार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औंल्याएको छ।

निर्वाचन आयोगले केही उल्लङ्घनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ। जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ। निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लङ्घनका घटना न्यून देखिएका थिए। मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ। देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ। राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ।

प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ। अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक सङ्घ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो।

# प्रदेश र स्थानीय तहलाई १ खर्ब ५१ अर्ब वित्तीय समानीकरण अनुदान छुट्याउन सिफारिस

काठमाडौँ, ८ चैत (रासस)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा रु एक खर्ब ५१ अर्ब ७० करोड ७८ लाख बराबर अनुदान छुट्याउन सरकारसमक्ष सिफारिस गरेको छ।

आयोगले वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारको हकमा रु ६१ अर्ब ५० करोड ३२ लाख र स्थानीय सरकारलाई रु ९० अर्ब २० करोड ४६ लाख बराबर उपलब्ध गराउन सिफारिस गरेको हो।

सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका लागि आयोगले नेपालको संविधान २०७२ को धारा ६०, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाअनुसार सिफारिस गर्दै आएको छ।

आयोगले यसरी वित्तीय समानीकरण अनुदानका लागि सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानका वर्गीकरण गर्ने गरेको छ। आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान रु १५ अर्ब ३७ करोड ५८ लाख निर्धारण गरिएको छ। जुन प्रदेश सरकारले पाउने वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हुन आउँछ। जनसङ्ख्या र क्षेत्रफललाई समान ५०/५० प्रतिशत भार दिई प्रदेशले पाउने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको पनि आयोगले जनाएको छ। आगामी आर्थिक वर्षका लागि न्यूनतम अनुदान शीर्षकमा कोशी प्रदेशका लागि रु दुई अर्ब ८२ करोड ६४ लाख, मधेशका लागि रु एक अर्ब ९० करोड ६० लाख, बागमतीका लागि रु दुई अर्ब ७५ करोड ४२ लाख र गण्डकीका लागि रु एक अर्ब ८२ करोड २७ लाख बराबर सिफारिस गरिएको छ। त्यस्तै, लुम्बिनीका लागि रु दुई अर्ब ४६ करोड ५७ लाख, कर्णालीका लागि रु एक अर्ब ७८ करोड ७४ लाख र सुदूरपश्चिम प्रदेशका लागि रु एक अर्ब ८१ करोड ३४ लाख बराबर सिफारिस गरिएको छ।

आगामी आर्थिक वर्षका लागि स्थानीय तहले प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदान रु ३० अर्ब ८३ करोड निर्धारण गरिएको पनि आयोगले जनाएको छ। जुन स्थानीय सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानमा ३४ दशमलव १८ प्रतिशत हुन आउँछ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानका लागि विभिन्न आधार तथा सूचकहरु तयार पारी त्यसको भार निर्धारण गरिएको आयोगको सिफारिसमा उल्लेख छ। जसमा मानव विकास सुचकाङ्कको १०, आर्थिक सामाजिक असमानताको ५, पूर्वाधार विकासको अवस्थालाई १५ र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार छुट्याइएको छ।

न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानको छुट्टाछुट्टै गणनी गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। यी तीनवटै शीर्षकको कुल अनुदानको रकम रु सात करोड भन्दा कम भएका स्थानीय सरकारलाई भने महानगरपालिकाहरुको सूत्रवापतको रकम कट्टा गरी थप गर्न पनि आयोगले सिफारिस गरेको छ। "चालीस वटा स्थानीय सरकारले न्यूनतम अनुदान र सुत्रमा आधारित अनुदानबाट रु सात करोडभन्दा कम रकम पाउने देखिएको छ।

अनुदान रकमले स्थानीय सरकारहरुको संविधान प्रदत्त जिम्मेवारी न्यूनतम रुपमा पूरा गर्न पर्याप्त नहुने ठहर गरी प्रत्येक स्थानीय सरकारहरुलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रु सात करोड प्राप्त हुनेगरी स्थानीय सरकारहरुको आन्तरिक राजस्वको अवस्थासमेतको आधारमा महानगरपालिकाहरुको सूत्र बापतको रकममा करिब १० दशमलव ८० प्रतिशतले कट्टागरी उक्त रकम त्यस्ता ४० वटा स्थानीय सरकारको अनुदानमा थप गर्नुपर्नेछ", आयोगको सिफारिसमा भनिएको छ।

# पोखरा विमानस्थल अनियमितता बारे विशेष अदालतमा मुद्दा दायर

काठमाडौँ, ८ चैत (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलमा अनियमितता प्रकरणमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले तत्कालीन पर्यटन सचिव केदारबहादुर अधिकारीसहित २१ जना र दुई कम्पनीलाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको अदालतका सहप्रवक्ता यज्ञराज रेग्मीलेले जानकारी दिनुभयो।

प्रतिवदीहरुमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेल, प्राधिकरणका तत्कालीन उपमहानिर्देशक महेन्द्रसिंह रावल, प्राधिकरणका तत्कालीन निर्देशक स्व ध्रुवदास भोछिभोया, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक बाबुराम पौडेल, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन प्रबन्धक चाँदमाला श्रेष्ठ रहनुभएको छ।

त्यस्तै, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपनिर्देशक प्रवीण न्यौपाने, पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माण आयोजनाका तत्कालीन आयोजना प्रमुख विनेश मुनकर्मी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन अधिकृत राजाराम चौधरी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपप्रबन्धक हिमज्योति थापा, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत नरेन्द्रराज सैंजु, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन लेखा अधिकृत/उपप्रबन्धक प्रमोद नेपाल तथा राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत/उपप्रबन्धक सविन फ्युयाल रहनुभएको छ। अधिकाशलाई रु ४६ करोड, १५ लाख, ८४ हजार ४३४ बिगो छ। त्यसमध्ये नरेन्द्र सैंजु, प्रमोद नेपाल र सविन फुयाललाई रु आठ करोड ९५ लाख २ हजार ७८० बिगो छ।

## विश्व समाचार

### होर्मुज तनाव चर्किंदै, प्रतिआक्रमणको चेतावनी

तेहरान, ८ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा बढ्दो सैन्य तनावबीच इरानले अमेरिकी चेतावनीको कडा प्रतिवाद गर्दै आफ्ना पूर्वाधारमा कुनै पनि आक्रमण भए क्षेत्रभरिका रणनीतिक संरचनामाथि प्रतिआक्रमण गर्ने स्पष्ट सङ्केत दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य खुला नगरे शक्तिशाली प्रहार गर्ने चेतावनी दिएसँगै परिस्थितिले थप जटिल मोड लिएको छ। ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत इरानलाई ४८ घण्टाको समयसीमा दिँदै जलडमरूमध्य खुला नगरे देशका प्रमुख पावर प्लान्टहरूच्यस्लाई लक्षित गरी 'नष्ट गर्ने' चेतावनी दिनुभएको थियो। त्यसको प्रत्युत्तरमा इरानको सैन्य परिचालन कमाण्डले अमेरिकासँग सम्बन्धित ऊर्जा, सूचना प्रविधि तथा डिसेलिनेसन पूर्वाधारहरू क्षेत्रभरि निशानामा पर्ने चेतावनी दिएको छ। यसैबीच, इरानले नतान्जस्थित आणविक स्थलमा भएको आक्रमणपछि दक्षिणी इजरायलका अराद र डिमोना सहरमा क्षेप्यास्त्र प्रहार गरेको छ। इजरायली हवाई सुरक्षालाई पार गर्दै प्रहार गरिएका मिसाइलहरूले आवासीय संरचनामा क्षति पुऱ्याएका छन् भने १०० भन्दा बढी मानिस घाइते भएका छन्। डिमोनामा रहेको संवेदनशील आणविक क्षेत्रमा नजिकै प्रहार हुँदा थप चिन्ता बढेको छ, यद्यपि इजरायलले आफ्नो आणविक क्षमतालाई औपचारिक रूपमा स्वीकार गरेको छैन। इजरायलले यसको जवाफस्वरूप तेहरानमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ। तीन हप्तादेखि जारी द्वन्द्वमा यो आक्रमण सबैभन्दा विनाशकारीमध्ये एक मानिएको छ। अरादमा विस्फोटपछि उद्धारकर्मीहरूले भग्नावशेषबाट घाइतेहरूको खोजी गरिरहेका दृश्यहरू सार्वजनिक भएका छन्। स्थानीय बासिन्दाहरूले विस्फोटको भयावह अनुभव सुनाएका छन्।

यस तनावको केन्द्रमा रहेको होर्मुज जलडमरूमध्य विश्व अर्थतन्त्रका लागि अत्यन्त महत्वपूर्ण मार्ग हो। यहाँबाट विश्वको झन्डै पाँचौं भाग कच्चा तेल ओसारपसार हुने गर्दछ। हालको अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०५ डलरभन्दा माथि पुगेको छ, जसले आर्थिक अस्थिरताको सङ्केत दिएको छ। ट्रम्पले नाटो सहयोगीहरूको आलोचना गर्दै जलडमरूमध्य सुरक्षित गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभएको छ। बेलायत, फ्रान्स, इटाली, जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स र बहराइनसहित २२ राष्ट्रले इरानद्वारा जलमार्ग अवरुद्ध गरिएको भन्दै विरोध जनाएका छन्। अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार हालै इरानका तटीय भूमिगत संरचनामाथि बङ्कर-बस्टिङ बम प्रहार गरिएको छ, जसले इरानको समुद्री मार्ग नियन्त्रण क्षमतामा केही हदसम्म असर पारेको दाबी गरिएको छ। यसैबीच हजारौं अमेरिकी सैनिकहरू मध्यपूर्वतर्फ परिचालन भइरहेका छन्। इरानले खाडी क्षेत्रका देशहरूलाई पनि निशाना बनाउँदै आएको छ। साउदी अरेबियाले रियाद नजिक तीनवटा ब्यालेस्टिक मिसाइल फेला परेको र तीन ड्रोन खसालिएको जनाएको छ। संयुक्त अरब इमिरेट्सले पनि इरानी आक्रमणको प्रतिकार गरेको बताएको छ। त्यस्तै, इरानले डिएगो गार्सियास्थित अमेरिका-बेलायत सैन्य अड्डामाथि लामो दूरीको मिसाइल प्रहार गर्ने प्रयास गरेको दाबी गरिएको छ, यद्यपि त्यो असफल भएको जनाइएको छ। विश्लेषकहरूका अनुसार इरानको सैन्य क्षमता अपेक्षा गरिएकोभन्दा बढी टिकाउ देखिएको छ। शीर्ष नेतृत्वमा क्षति पुगे पनि सरकार र सैन्य संरचनाले लचकता प्रदर्शन गरेको ठानिएको छ। यस तनावपूर्ण अवस्थाबीच इरानमा रमजानको अन्त्य र नौरोज पर्व मनाइएको छ। सर्वोच्च नेता परिवर्तनपछि सार्वजनिक रूपमा कम देखिएका छन् भने धार्मिक गतिविधिहरू अन्य नेतृत्वमार्फत सम्पन्न भइरहेका छन्। सर्वसाधारणले नयाँ वर्ष मनाइरहँदा युद्धको त्रासले वातावरण गम्भीर बनेको अनुभव गरेका छन्।

### युद्ध सुरु भएदेखि ८० हजार भन्दा बढी नागरिक स्थलमा आक्रमण

तेहरान,८ चैत (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिका र इजरायलले इरानविरुद्धको युद्ध सुरु भएदेखि ८० हजार भन्दा बढी नागरिक स्थलमा आक्रमण गरेको बताइएको छ। विदेशी सञ्चारकर्मीहरूसँगको सम्बोधनमा यी आक्रमणहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको आरोप लगाइएको छ। उपलब्ध विवरणअनुसार, आक्रमण गरिएका संरचनामध्ये २० हजार भन्दा बढी तेहरान मा रहेका छन् भने ६० हजार भन्दा बढी अन्य स्थानमा छन्। करिब १८ हजार ७९० व्यापारिक स्थलमा आक्रमण भएको, २६६ स्वास्थ्य संस्था प्रभावित भएको र ४९८ विद्यालय निशानामा परेको जनाइएको छ। आक्रमणका कारण १२ जना स्वास्थ्यकर्मीको मृत्यु भएको र ९० भन्दा बढी घाइते भएका छन्। साथै, बालबालिका र २३१ महिलासहित सयौं सर्वसाधारणले ज्यान गुमाएका छन्। विभिन्न सञ्चारमाध्यमका अनुसार युद्धमा कुल मृतक सङ्ख्या एक हजार ५०० भन्दा बढी पुगेको अनुमान गरिएको छ। गत फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले संयुक्त रूपमा तेहरान लगायत इरानका विभिन्न शहरहरूमा आक्रमण सुरु गरेका थिए, जसमा इरानका पूर्व सर्वोच्च नेता अली खामेनेई सहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको बताइएको छ। त्यसको जवाफमा इरानले इजरायल र मध्यपूर्वमा रहेका अमेरिकी अड्डाहरूलाई लक्षित गर्दै मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ।

### ट्रम्पले दिए ४८ घण्टे अल्टिमेटम

वासिङटन, ८ चैत (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार यदि इरानले ४८ घण्टाभित्र होर्मुज सत्र पूर्ण रूपमा खुला नगरे, अमेरिकाले इरानी पावर प्लान्टहरू ध्वस्त पार्ने चेतावनी दिनुभएको छ। उहाँले आफ्नै सामाजिक सञ्जालमा लेख्नुभयो, "सबैभन्दा ठूलो पावर प्लान्टदेखि सुरु गरेर सबै ध्वस्त पारिनेछ।" होर्मुज सत्र विश्वव्यापी ऊर्जा र व्यापार मार्गको लागि अत्यन्त महत्वपूर्ण छ। यस मार्गबाट विश्वको करिब एक पाँचौं तेल र प्राकृतिक ग्यास आपूर्ति हुन्छ। क्षेत्रीय तनाव हाल उच्च स्तरमा पुगेको छ। इरानको मुख्य सैन्य कमाण्डले चेतावनी दिंदै यदि यसको ऊर्जा पूर्वाधारमा हमला गरियो भने संयुक्त राज्य अमेरिका र इजरायली ऊर्जा, सूचना प्रविधि र जलमिटान पूर्वाधारमा प्रतिकार गरिने जनाएको छ।

# कंचनरुपमा फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको कञ्चनरुप नगरपालिकाले वडा नं. ८ स्थित पर्ने बेरियर-कञ्चनपुर-फत्तेपुर सडक खण्डमा फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन गरेको छ ।

सहरलाई स्वच्छ, सफा र व्यवस्थित बनाउने उद्देश्यले फुटपाथ अतिक्रमण हटाउने अभियान अन्तर्गत शनिबार सडकको दुवैतर्फ रहेका फुटपाथमा अतिक्रमण गरी बनाइएका अस्थायी छाना तथा संरचनाहरू हटाइएको नगरप्रमुख ललन प्रसाद गुप्ताले जानकारी दिए ।

उनले सवारी आवागमनमा अवरोध पुऱ्याउँदै आएको 'गुद्री बजार' लाई समेत व्यवस्थापन गरिएको बताए । नगरपालिकाका अनुसार उक्त कदम नागरिकलाई सास्ती दिन नभई सुरक्षित, सफा र सुन्दर सहर निर्माण गर्ने उद्देश्यले चालिएको हो ।

नगरपालिकाले आगामी दिनमा सडक तथा फुटपाथको मर्मत र स्तरउन्नति गर्ने, नियमित सरसफाइ तथा सौन्दर्यीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, साथै बजार क्षेत्रमा सवारी आवागमन र पैदलयात्रीमैत्री वातावरण सुनिश्चित गर्ने योजना अघि सारेको जनाएको छ ।

अभियानलाई सफल बनाउन जनप्रतिनिधि, नगर प्रहरी, प्राविधिक टोली तथा नेपाल प्रहरी र ट्राफिक प्रहरीको सहभागिता रहेको कञ्चनरुप नगरपालिकाले जनाएको छ ।

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

काठमाडौं, ८ चैत (रासस) ।

चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रू ११ खर्बको व्यापार घाटा बेहोरेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार उक्त अवधिमा कुल रू १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले रू १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो । पछिल्लो आठ महिनामा रू १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रू एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।

गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रू पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट रू सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने रू एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग रू दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र रू ९८ करोड ३३ लाखको निर्यात हुँदा रू दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग रू ५० करोड ६५ लाख, नर्वेसँग रू तीन करोड ३३ लाख र आइसल्याण्डसँग रू दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा रू ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, रू ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र रू ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, रू ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने रू २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, रू ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, रू २३ अर्ब ४९ करोड ६७ लाखको सुन, रू १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा रू ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ ।

त्यस्तै, रू नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, रू छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, रू छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, रू चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ ।

# एउटै प्रकृतिका विवरणका लागि छुट्टाछुट्टै फारम भर्नुपर्ने नपर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ चैत ।**

सेवाग्राहीले एउटै प्रकृतिका विवरणका लागि विभिन्न सरकारी निकायमा छुट्टाछुट्टै फारम भर्नुपर्ने नपर्ने भएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आइतबार जिल्ला प्रशासन कार्यालय ललितपुरको निरीक्षणको क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै सो जानकारी दिएका हुन् ।

गृहमन्त्री अर्यालले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सेवाग्राहीहरूले हालसम्म विवरण दर्ता आवेदन फारम भरी जैविक (बायोमेट्रिक) विवरण दिनका लागि तोकिएका राष्ट्रिय परिचयपत्र इकाईमा उपस्थित हुनुपर्ने बाध्यता हट्ना गई सेवाग्राहीको समय र आर्थिक लागत समेत बचत हुने बताए ।

राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरुले राष्ट्रिय परिचयपत्रको विवरण दर्ता आवेदन फारम भरी जैविक विवरणसहित आवेदन गर्न राष्ट्रिय परिचयपत्र इकाई रहेका स्थानमा बायोमेट्रिक जाने गरेको अवस्थाले नागरिकले खर्च गर्नुपरेको समय र लागतलाई न्युनिकरण गर्ने मुल उद्देश्य रहेको छ ।

# बैंकिङ कसुरका फरार प्रतिवादी पक्राउ

सिरहा, ८ चैत (रासस) ।

लेनदेन तथा बैङ्किङ कसुर मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका दुई जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार लेनदेन बिगो मुद्दामा सिरहा जिल्ला अदालतले २०७९ साल माघ १७ गते दुई वर्ष कैद सजाय सुनाएका ४५ वर्षीय रामजनम यादव पक्राउ परेका हुन् । सिरहाको कल्याणपुर नगरपालिका-१० निवासी यादवलाई छिमेकी विष्णुपुर गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी नजिक खाजा खान लागेको अवस्थामा शुक्रबार पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिनुभयो ।

यस्तै, इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको टोलीले बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी करिब ४० वर्षीय प्रमोद साहलाई पनि पक्राउ गरेको छ । जिल्ला अदालतको २०७९ साल पुस २९ गतेको फैसलाअनुसार खोजीमा रहेका धनगढीमाई नगरपालिका-९, गोठचोक निवासी साहलाई आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै

काठमाडौं, ८ चैत (रासस) ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल)को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुऱ्याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्याङ्क कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिनुभयो । उहाँका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उहाँका आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्याङ्क सङ्कलनको काम गर्ने दिनुभयो ।

"अहिले कर्मचारी करारमा लिएका छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौं", उहाँले भन्नुभयो, "अनि हामी ती कर्मचारीलाई तथ्याङ्क सङ्कलन गर्न अस्पतामा पठाउँछौं ।"

उहाँका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी सङ्ख्यालगायत तथ्याङ्क सङ्कलन गरिनेछ ।

कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भने तापनि केही वर्ष ढिलाइ भएको उहाँको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिनुभयो ।

त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ ।

**चैती छठ ...**

मनाउने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ । आरोग्य र दीर्घायुसँग जोडिएको छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि पाइन्छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np